# नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिद्वारा जारी

## निर्वाचन आचार संहिता, २०८१

**प्रस्तावना :** नेपाल पत्रकार महासंघको निर्वाचनलाई स्वच्छ, निष्पक्ष एवंविधिसम्मत रुपमा सम्पन्न गर्न उम्मेदवार, मतदाता र सम्बन्धित सबैको आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएको हुँदा नेपाल पत्रकार महासंघको विधान, २०६० (पाँचौं संशोधन, २०७५) बमोजिम गठित केन्द्रीय निर्वाचन समिति, २०८१को असार ७गते बसेको बैठकबाट नेपाल पत्रकार महासंघ निर्वाचन आचार संहिता, २०८१जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आचार संहिताको नाम "नेपाल पत्रकार महासंघ निर्वाचन आचार संहिता, २०८१" रहेको छ ।

(२) योआचार संहिता नेपाल पत्रकार महासंघका केन्द्रीय पदाधिकारी, सदस्य, लेखा समिति संयोजक तथा सदस्य, नेपाल पत्रकार महासंघका सवै तहका पदाधिकारी, सदस्य, उम्मेदवारहरु र सम्बन्धित सबै मतदाताको  हकमा लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "समिति" भन्नाले नेपाल पत्रकार महासंघको विधान बमोजिम गठित केन्द्रीय निर्वाचन समिति२०८१ लाई जनाउने छ ।

(ख) "निर्वाचन" भन्नाले नेपाल पत्रकार महासंघको निर्वाचन २०८१लाई जनाउने छ ।

(ग) "महासंघ" भन्नाले नेपाल पत्रकार महासंघलाई जनाउने छ ।

**३. आचार संहिता लागू हुने :** यो आचार संहिता नेपाल पत्रकार महासंघका बहालवाला केन्द्रीय पदाधिकारी, सदस्य, लेखा समिति संयोजक तथा सदस्य, मातहत शाखा पदाधिकारी, उम्मेदवारलगायत सम्बन्धित सवैमा लागु हुनेछ ।

**४. निर्वाचन प्रचार प्रसार :**मतदान प्रक्रिया शुरु भएपछि मतदानस्थल परिसरभित्र प्रचार प्रसार गर्न, नारा जुलुस गर्न, भाषण गर्न, पोष्टर टाँस्न, पर्चा पम्पेल वितरण गर्न पाइने छैन ।

५. **मतदान केन्द्रमा प्रवेश :**निर्वाचन समितिले जारी गरेको परिचयपत्र वा मतदाता परिचयपत्र वा महासंघले जारी गरेको परिचयपत्रभएका व्यक्तिले मात्र मतदान केन्द्रमा प्रवेश पाउनेछन् ।

६. **मतगणना स्थलमा प्रवेश :** मतगणना स्थलमा निर्वाचन समितिले तोके बमोजिमका व्यक्तिबाहेक अन्यलाई प्रवेश दिइने छैन ।

७. **मतदान स्थलः** मतदान स्थलमा क्यामरा र मोवाइल फोन लिएर जान पाइने छैन ।

८. **आचार संहिताको पालना :** यस आचार संहिताको पूर्ण रुपमा पालना गरी निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउनु प्रत्येक उम्मेदवार, मतदाता र सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विधिसम्मत रुपमा सम्पन्न गर्न आवश्यक पर्ने थप आचार संहिता निर्वाचन समितिको निर्णय अनुसार जारी गर्न सकिनेछ ।

१०. **निर्वाचन आचार संहिता, २०८१ लागु हुने :**यो निर्वाचन आचार संहिता मितिः २०८१ असार १२ गते देखि निर्वाचन एवं मतगणना कार्य सम्पन्न भई अन्तिम निर्वाचन नतिजा प्रकाशित नहुँदासम्म लागु हुनेछ । यो आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र उल्लेख नभएका कुराको हकमा नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिद्वारा जारी निर्वाचन कार्यविधि, २०८१ बमोजिम हुनेछ ।

११. **निर्वाचन समितिको निर्णय अन्तिम हुने :**आचार संहिता उपर कुनै विवाद भए निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।